२०७९ सालको कार्यविधि नं. १६

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः १६ | मितिः२०७९।१२।३०

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७९

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिकाभित्र संचालित र भविष्यमा संचालन हुने संस्थागत विद्यालयको श्रेणी वर्गीकरण तथा विद्यालयले लिने शुल्कलाई व्यवस्थित र वैज्ञानिक वनाउन वाञ्छनीय भएकाले हेटौंडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ को दफा ४९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “हेटौंडा उपमहानगरपालिका विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७९” रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा-

क) 'नगरपालिका' भन्नाले हेटौँडा उपमहानगरपालिकालाई बुझाउँछ ।

ख) 'ऐन' भन्नाले हेटौँडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ लाई बुझाउँछ ।

ग) 'प्रमुख' भन्नाले नगर प्रमुखलाई बुझाउँछ ।

घ) 'नगर शिक्षा समिति' भन्नाले हेटौँडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ वमोजिम गठन भएको नगर शिक्षा समितिलाई बुझाउँछ ।

ङ) 'विद्यालय' भन्नाले संस्थागत विद्यालयलाई जनाउँछ ।

च) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले हेटौँडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

छ) 'शुल्क' भन्नाले यस कार्यविधि वमोजिम संस्थागत विद्यालयले लिन पाउने शुल्क सम्झनु पर्छ ।

ज) 'महाशाखा' भन्नाले हेटौँडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा सम्झनु पर्छ ।

झ) 'महाशाखा प्रमुख' भन्नाले शिक्षा विकास महाशाखाको प्रमुखलाई जनाउँछ ।

## परिच्छेद-२

## विद्यालयको वर्गीकरण सम्बन्धी व्यवस्था

३. **विद्यालयको वर्गीकरण:** (१) विद्यालयलाई अनुसूची-१ मा उल्लिखित व्यवस्था र शिक्षा विकास महाशाखाबाट तयार गरिएको विद्यालय स्तरीकृत फारामको मूल्यांकनका आधारमा देहाय बमोजिम चार श्रेणीमा वर्गीकरण गरिनेछ ।

(क) "क" श्रेणीको विद्यालय

(ख) "ख" श्रेणीको विद्यालय

(ग) "ग" श्रेणीको विद्यालय

(घ) "घ" श्रेणीको विद्यालय

(२) उपदफा (१) बमोजिम विद्यालय वर्गीकरणको निमित्त विद्यालयले अनुसूची-२ मा उल्लिखित मापदण्डका आधार र सो आधारमा तयार गरिएको विद्यालय स्तरीकृत फारामका आधारमा आफूले के-कस्तो किसिमको सुबिधा उपलब्ध गराएको हो सो स्पष्ट खुलाई शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै उपमहानगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) विद्यालय वर्गीकरणका लागि सिफारिस गर्न देहाय बमोजिमको एक विद्यालय वर्गीकरण सिफारिस समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) नगर प्रमुखबाट तोकिएको वडा अध्यक्ष २ जना | -सदस्य |
| (ग) शिक्षा विकास महाशाखा प्रमुख | -सदस्य |
| (घ) प्याब्सन, नगर समिति अध्यक्ष | -सदस्य |

(ङ) अभिभावक संघको नगर समिति अध्यक्ष वा सदस्य वा त्यस्तो संघ
नभएमा अविभावकमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ जना -सदस्य
(च) संयोजकले तोकेको शिक्षा शाखाको अधिकृत -सदस्य सचिव

(४) उपदफा (३) बमोजिमको समितिले विद्यालयले उपलब्ध गराएको सेवा सुविधा जाँचबुझ गरी विद्यालय वर्गीकरणका लागि नगर शिक्षा समिति समक्ष सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम विद्यालय वर्गीकरणका लागि भएको सिफारिसमा आवश्यक जाँचबुझ गरी नगर शिक्षा समितिले विद्यालय वर्गीकरण गर्नेछ ।

(६) उपदफा (५) बमोजिम गरिएको वर्गीकरणमा चित्त नबुझेमा सम्बन्धित विद्यालयले नगर शिक्षा समिति समक्ष निवेदन दिन सक्नेछ । यसरी निवेदन परेमा शिक्षा समितिले सो विद्यालयको स्थलगत निरीक्षण गर्ने गराउनेछ । निरीक्षण गर्दा व्यहोरा मनासिब देखिएमा सिफारिस समितिको निर्णय उपर पुर्नविचार गरी नगर शिक्षा समितिले वर्गीकरण सम्बन्धमा आवश्यक निर्णय लिन सक्नेछ ।

(७) यो कार्यविधि लागू भएको मितिले दुई महिना भित्र पहिलो पटक सबै संस्थागत विद्यालयले विद्यालय वर्गीकरणका लागि उपमहानगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(८) विद्यालय वर्गीकरण तीन-तीन वर्षमा गरिनेछ । तर कुनै विद्यालयले आवश्यक पूर्वाधार पूरा गरी माथिल्लो श्रेणीमा सूचीकृत हुन चाहेमा तीन वर्ष पुग्नु अगावै पनि उपमहानगरपालिकामा निवेदन दिन बाधा पर्ने छैन ।

(९) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ तथा अन्य सरोकारवाला व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद-३

## विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्था

४. **विद्यालय शुल्क निर्धारण सिफारिस समितिः** (१) संस्थागत विद्यालयले लिन पाउने शुल्क निर्धारणका लागि नगर शिक्षा समितिलाई सिफारिस गर्न देहाय बमोजिमको एक विद्यालय शुल्क निर्धारण सिफारिस समिति रहनेछः

(क) सामाजिक विकास समितिका संयोजक संयोजक
(ख) नगर प्रमुखबाट तोकिएको वडा अध्यक्ष २ जना सदस्य
(ग) शिक्षा विकास महाशाखा प्रमुख सदस्य
(घ) प्याब्सन, नगर समितिको अध्यक्ष सदस्य
(ङ) अभिभावक संघको नगर समिति अध्यक्ष वा सदस्य वा त्यस्तो संघ नभएमा
अभिभावकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको २ जना सदस्य
(च) नगर प्रमुखबाट मनोनित गरेको शिक्षाविद् १ जना सदस्य
(छ) नगर प्रमुखबाट तोकिएको शिक्षा शाखाका अधिकृत सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले शुल्क निर्धारण सम्बन्धी सिफारिस गर्ने बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा सम्वन्धित सरोकारवालाहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) विद्यालयले निर्धारित शुल्क लागू गरे नगरेको सम्बन्धी अनुगमन उपदफा (१) बमोजिमको समितिले नै गर्नेछ ।

५. **विद्यालयले लिन पाउने शुल्क तथा धरौटीः** (१) संस्थागत विद्यालयले विद्यार्थीसँग देहाय बमोजिमको शुल्क तथा धरौटी लिन सक्नेछन्ः-

(क) मासिक पढाइ शुल्क,

(ख) कुल दुई महिनाको पढाई शुल्क बराबरको रकममा नबढने गरी खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत संभार, पुस्तकालय र प्राथमिक उपचार वापतको बार्षिक शुल्क,

(ग) विद्यालयमा पहिलो पटक भर्ना हुने कक्षाको एक महिनाको मासिक पढाई शुल्कमा नबढ्ने गरी एक पटकको लागि भर्ना शुल्क,

(घ) विविध शुल्क,

(अ) परीक्षा शुल्क

(आ) कम्प्यूटर शुल्क

(इ) स्थानान्तरण र प्रमाण पत्र शुल्क

(ई) विशेष प्रशिक्षण (जुडो, मार्सल आर्ट, पौडी, गायन, नृत्य लगायत) शुल्क,

(उ) आवास शुल्क

(ऊ) परिवहन शुल्क

(ऋ) भोजन शुल्क

(२) विद्यालयले उपदफा (१) बमोजिमको शुल्क त्यस्तो सुबिधा उपयोग गर्ने विद्यार्थीसँग सो सुबिधा उपयोग गरेको अवस्थामा मात्र लिन पाउनेछ ।

(३) विद्यालयले परीक्षा शुल्क वापतको रकम मासिक पढाई शुल्कको ५ (पाँच) प्रतिशत भन्दा बढी हुनेगरी लिन पाउने छैन ।

(४) विद्यालयले प्रमाणपत्र शुल्क र स्थानान्तरण प्रमाणपत्र शुल्क वापतको रकम मासिक पढाई शुल्कको १० (दस) प्रतिशत भन्दा बढी हुने गरी लिन पाउने छैन ।

६. **शुल्क सम्बन्धी व्यवस्थाः** (१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र ‘क’, ‘ख’, ‘ग’ वा ‘घ’ श्रेणीको संस्थागत विद्यालयले लिन पाउने शुल्कको अधिकतम सीमा तोकी शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै सूचना प्रकाशन गर्नेछ । तर पहिलो पटकका लागि यो कार्यविधि लागू भएको मितिले एक महिनाभित्र शुल्क निर्धारण गर्न बाधा पर्नेछैन ।

नेपाल राजपत्र

(२) विद्यालय व्यवस्थापन समितिले शिक्षक अभिभावक संघको कार्यकारी समितिसँग परामर्श समेत गरी उपदफा (१) बमोजिम तोकिएको अधिकतम शुल्क सीमाभित्र रही आगामी शैक्षिक सत्रको लागि विद्यार्थीसँग लिने शुल्कको प्रस्तावित दर प्रस्ताव गरी शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै उपमहानगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तावित शुल्कको दर प्राप्त भएमा विद्यालय शुल्क निर्धारण सिफारिस समितिले सो शुल्क अनुसूची–२ को आधारमा प्रस्ताव भए नभएको सम्बन्धमा जाँचबुझ गरी त्यस्तो शुल्कको दर हेरफेर सहित स्वीकृतिका लागि नगर शिक्षा समिति समक्ष पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको शुल्कलाई नगर शिक्षा समितिले आवश्यक थपघट सहित स्वीकृतीका लागि नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृत शुल्कको दर शिक्षा विकास महाशाखाले सार्वजनिक गरी विद्यालयमा समेत पठाउनेछ ।

(६) उपदफा (४) बमोजिम स्वीकृत शुल्कको दर विद्यालयले आफ्नो सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

(७) विद्यालयले विद्यार्थीसँग जुन कामको लागि शुल्क लिएको हो सो रकम सोही काममा खर्च गर्नु पर्नेछ ।

(८) विद्यालयले तोकेको समयमा विद्यार्थीले विद्यालयमा शुल्क बुझाउनु पर्नेछ ।

(९) विद्यालयले शुल्कको दर, शुल्क बुझाउने अवधि र प्रक्रिया सम्बन्धी विवरण विद्यार्थी तथा अभिभावकलाई जानकारी दिई विद्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

७. **बढी शुल्क लिन नपाउने:** (१) विद्यालयले यो कार्यविधि वमोजिम निर्धारण भएको शुल्क मात्र लिनुपर्नेछ ।

(२) तोकिए बमोजिम भन्दा बढी शुल्क लिने विद्यालयलाई यस कार्यविधि वमोजिम कारवाही हुनेछ ।

८. **बढी लिएको शुल्क फिर्ता तथा जरिवाना सम्बन्धी व्यवस्था:** (१) कुनै विद्यालयले यस कार्यविधिमा तोकिए भन्दा बढी शुल्क लिएको पाइएमा त्यसरी बढी लिएको शुल्क सम्बन्धित विद्यालयले अभिभावकलाई फिर्ता गर्नु पर्नेछ ।

(२) तोकिए भन्दा बढी शुल्क लिने विद्यालयलाई उपमहानगरपालिकाले पचास हजारदेखि एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद-४

## विविध

९. **श्रेणीकृत नभएको विद्यालय सम्बन्धमा:** (१) यस कार्यविधि वमोजिम श्रेणीकृत नभएका विद्यालयले “ग” श्रेणीको विद्यालयले लिन पाउने शुल्क भन्दा २५ प्रतिशत कम शुल्क लिनु पर्नेछ ।

(२) यस कार्यविधि वमोजिम न्यूनतम पूर्वाधार पूरा नभएका विद्यालयहरु स्वत: “घ” श्रेणीमा वर्गीकरण  हुनेछन् ।

(३) “घ” श्रेणीका विद्यालयहरुले “ग” श्रेणीको विद्यालयको लागि तोकिएको भन्दा २५ प्रतिशत कम शुल्क लिनु पर्नेछ ।

(४) “घ” श्रेणीको विद्यालयले “घ” श्रेणीमा वर्गीकरण भएको छ महिनाभित्र न्यूनतम पूर्वाधार पूरा गर्नु पर्नेछ ।

(५) यस कार्यविधिमा तोकिए वमोजिम ६ महिनाभित्र न्यूनतम पूर्वाधार पूरा नगर्ने विद्यालयको सञ्चालन अनुमति नगर शिक्षा समितिले रद्ध गर्न सक्नेछ ।

**१०. स्तरीकरण फाराम:** महाशाखाले अनुसूची-१ र अनुसूची-२ वमोजिमको आधारहरु समेटी सूचक र भार सहितको संस्थागत विद्यालय स्तरीकरण फाराम विकास गरी विद्यालयको वर्गीकरण र शुल्क निर्धारणको आधार तयार गर्न सक्नेछ ।

**११. कार्यविधिको व्याख्या:** यस कार्यविधिको व्याख्या सम्वन्धमा कुनै द्विविधा भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१२. यस कार्यविधि वमोजिम हुने:** यस कार्यविधिमा लेखिएका कुराहरु यसै कार्यविधि वमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ ।

**१३. संशोधन तथा परिमार्जन:** उपमहानगरपालिकाले विद्यार्थी वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७९ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**१४. वचाउ तथा खारेजी:** (१) यो कार्यविधि संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारणको हकमा मात्र लागू हुनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट संशोधन वा खारेज भएको अवस्थामा संशोधन वा खारेज हुनु पूर्व भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

हेटौंडा राजपत्र

## अनुसूची - १
## (दफा ३ को उपदफा (१) संग सम्बन्धी)
## विद्यालय वर्गीकरणका आधार

**विद्यालय वर्गीकरणका आधार**

१. “क” श्रेणीको विद्यालयको लागि चाहिने आधारहरु (अपेक्षित सुबिधायुक्त विद्यालय अर्थात “ख” श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनु पर्ने)

(क) कम्तीमा १०० जनाको उपस्थितिमा कार्यक्रम गर्न सकिने सभाकक्ष,

(ख) सेवा कक्ष- फोन, फ्याक्स, इमेल आदि),

(ग) अतिरिक्त/सह क्रियाकलाप कक्ष,

(घ) क्याफ्टेरिया,

(ङ) एकपटकमा कम्तीमा ५० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था,

(च) बिषेश सुबिधायुक्त विद्यालयको लागि निर्धारित सुबिधा उपलब्ध गराएको हुनु पर्ने ।

२. “ख” श्रेणीको विद्यालयको लागि चाहिने आधारहरु (आधारभूत सुबिधायुक्त विद्यालय अर्थात्“ग” श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनु पर्ने )

(क) प्रधानाध्यापक, शिक्षक, कर्मचारी र प्रशासनिक कर्मचारीका लागि छुट्टा छुट्टै कोठाको व्यवस्था,

(ख) शिक्षक स्टाफको लागि छुट्टै शौचालयको व्यवस्था,

(ग) कुनै दुई प्रकारका दैनिक पत्रिकाहरु सहितको एकपटकमा कम्तीमा ५० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था,

(घ) भलिबल खेल्न मिल्ने खेल मैदानको अतिरिक्त सम्पूर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने कम्पाउण्डको व्यवस्था,

(ङ) छुट्टै विज्ञान प्रयोगशाला कोठाको व्यवस्था,

(च) विद्यालयमा कम्प्यूटर बिषय राखेको भए छुट्टै कम्प्यूटर कक्षको व्यवस्था,

(छ) प्राथमिक उपचार कक्षको व्यवस्था,

(ज) विशेष सुबिधायुक्त विद्यालयको लागि निर्धारित सुबिधा उपलब्ध गराएको हुनु पर्ने ।

३. “ग” श्रेणीको विद्यालय (अर्थात आधारभूत सुबिधायुक्त विद्यालय) को लागि चाहिने पूर्वाधारहरु :

(क) कक्षा कोठाहरु पूर्व प्राथमिक र प्राथमिक तहको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर, निम्नमाध्यमिक र माध्यमिक तहको हकमा १.०० वर्गमिटर,

(ख) हावाको राम्रो प्रवाह र यथेष्ट प्रकाश भएका कक्षाकोठाहरु,

(ग) विद्यार्थी संख्याको आधारमा सबैलाई पुग्ने डेस्क, बेन्च,

(घ) छात्र छात्रा र शिक्षकको लागि कम्तिमा ३ वटा छुट्टा छुट्टै शौचालय र प्रत्येक थप ५० जना विद्यार्थीका लागि एक कर्म्पाटमेन्ट थप,

(ङ) यथेष्ट स्वच्छ खानेपानीको व्यवस्था,

(च) पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तिमा २ पुस्तक भएको पुस्तकालय,

(छ) प्रति कक्षामा सेतो पाटी र अन्य आवश्यक शैक्षिक सामाग्री,

(ज) सबै विद्यार्थी एकैपटक उभिन सक्ने आँगन,

(झ) भलिबल खेल्न मिल्ने सम्मको खेल मैदान,

(ञ) कक्षा शिक्षक अनुपात १:१.४

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामाग्रीको व्यवस्था,

(ठ) प्राथमिक उपचारको सामाग्रीको व्यवस्था हुनु पर्ने,

(ड) यस कार्यविधिमा उल्लेख गरे अनुसारको छात्रवृति र सोही अनुसारको शिक्षक तथा कर्मचारी संख्या ।

४. "घ" श्रेणीका विद्यालय (अर्थात् न्यून सुबिधाका विद्यालय): यस श्रेणीमा आधारभूत सुबिधा पूरा नभएका विद्यालय रहनेछन् ।

५. संस्थागत विद्यालयहरुलाई खण्ड (क), (ख), (ग) र (घ) बमोजिम वर्गीकरण गर्नको लागि यस कार्यविधि बमोजिमको समितिले आवश्यकता अनुसार सरोकारवालाहरुको परामर्श लिन सक्नेछ ।

हेटौंडा राजपत्र

**अनुसूची-२**
**(दफा ३ को उपदफा (२) संग सम्बन्धी)**
**विद्यालयको शुल्क निर्धारणका आधारहरु**

(१) शैक्षिक योग्यता नपुगेको र शिक्षक अध्यापन अनुमति पत्र नभएको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्न पाइने छैन ।

(२) शुल्क निर्धारण प्रयोजनको लागि यही अनुसूची बमोजिम "ग" श्रेणीको संस्थागत विद्यालयलाई आधारभूत सुबिधायुक्त विद्यालय मानिएको हुँदा उक्त श्रेणीको विद्यालयमा देहाय बमोजिमको शिक्षक तथा कर्मचारी राख्नु पर्नेछ ।

| क्र. सं. | शिक्षक र कर्मचारी | तह अनुसार शिक्षक तथा कर्मचारी संख्या | | | |
|---|---|---|---|---|---|
| | | नर्सरी देखि ५ सम्म | नर्सरी देखि ८ सम्म | नर्सरी देखि १० सम्म | नर्सरी देखि १२ सम्म |
| १ | प्र.अ.<br>आई.ए.<br>स्नातक<br>स्नातकोत्तर | <br>१<br>– | <br>–<br>१ | <br>–<br>-<br>१ | <br>१ |
| २ | शिक्षक<br>एस.एल.सी.<br>आई.ए.<br>स्नातक<br>स्नातकोत्तर | <br>३<br>६<br>–<br>- | <br>३<br>६<br>५<br>- | <br>३<br>६<br>४<br>४ | <br>३<br>६<br>५<br>६ |
| ३ | लेखापाल | १( एस.इ.ई.) | १(कक्षा १२) | १(कक्षा १२) | १(स्नातक) |
| ४ | आया र सफाईकर्मी | २ | २ | २ | २ |
| ५ | स्टोर र लाईब्रेरियन | – | – | २ | २ |
| ६ | चौकीदार र कार्यालय सहयोगी | २ | २ | ३ | ४ |

(३) विद्यालयले उपखण्ड (२) बमोजिमका शिक्षक कर्मचारीको तलब नेपाल सरकारले स्वीकृत गरे बमोजिमको तलब भत्तामा नघटाई उपलब्ध गराउनु पर्नेछ र यसरी दिईने अन्य सुबिधा वापत तलब रकमको १८ प्रतिशत सम्म छुट्याई यसरी हुन आउने जम्मा खर्चलाई विद्यालयको कुल खर्चको ६० प्रतिशत मानी बाँकी रहेको ४० प्रतिशत मध्ये कम्तीमा ८ प्रतिशत रकम छात्रवृत्ति

र १.५ प्रतिशत ग्रामिण शिक्षा विकास कोषमा लगानी गर्नुपर्नेछ  र बाँकी हुन आउने रकम विद्यालयको आवश्यकता अनुसारका शिर्षकहरुमा खर्च गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) खण्ड (२) र (३) को व्यवस्थालाई विचार गरी “ग” श्रेणीका आधारभूत सुबिधायुक्त विद्यालयको शुल्क निर्धारण  गर्नु पर्नेछ ।

(५) खण्ड (४) बमोजिमको शुल्क दर आधारभूत सुबिधायुक्त विद्यालयको लागि भएकाले सो सुबिधा नपुगेका “घ”  श्रेणीका न्यून सुबिधाका विद्यालयले तुलनात्मक रुपमा कम खर्च गरे पुग्ने भएको हुँदा यस्ता विद्यालयलाई आधारभूत सुबिधाका विद्यालयको भन्दा २५ प्रतिशतसम्म कम शुल्क हुने गरी शुल्क निर्धारण गर्नु पर्नेछ ।

(६) आधारभूत भन्दा माथिको सुबिधा दिईरहेका अपेक्षित सुबिधायुक्त “ख” श्रेणीका र बिशेष सुबिधायुक्त “क”  श्रेणीका विद्यालयहरुले देहाय बमोजिमका थप सुबिधाका निम्ति खर्च जोडेर शुल्क हिसाब गर्न पाउनेछन्।

| **क.सं.** | **विवरण** | **अपेक्षित सुबिधा (प्रतिशत)** | **बिशेष सुबिधा (प्रतिशत)** |
|---|---|---|---|
| क | शिक्षक कर्मचारी तलब तथा सुबिधा | १५ | २५ |
| ख | खेलकुद तथा अतिरिक्त क्रियाकलाप | ५ | १० |
| ग | शैक्षिक सामाग्री | ५ | १० |
| घ | भौतिक पूर्वाधार | १० | १५ |
| ङ | शैक्षिक उपलब्धि | १० | १० |
| च | छात्रवृति | ५ | ७ |
| छ | संस्थागत विकास | १० | १० |
| यी सबै सुबिधा थप भएवापत शुल्क दरमा थप गरिने  शुल्क | | २५ | ५० |

थप सुबिधायुक्त विद्यालयले उपलब्ध गराएको सुबिधा अनुसार माथि उल्लिखित विभिन्न शीर्षकमा उल्लेख गरिएको  मापदण्ड अनुसारको कुल प्रतिशतलाई १०० प्रतिशत मानी अपेक्षित सुबिधायुक्त विद्यालयमा २५ प्रतिशत र बिशेष  सुबिधायुक्त विद्यालयमा ५० प्रतिशत सम्म थप शुल्क लिन सकिनेछ ।

(७) कुनै विद्यालयले लिई आएको शुल्क दर यस अनुसूची अनुसार हुन आउने शुल्क दर भन्दा कम शुल्क वृद्धि गर्दा सोही अनुपातमा शुल्क वृद्धि हुन सक्नेछ ।

(८) यस अनुसूची बमोजिम “क” श्रेणीमा परेका विशेष सुबिधायुक्त विद्यालयले विद्यालयका कम्तीमा दुई तिहाई अभिभावकको निर्णयबाट निम्न बमोजिम कुनै एउटा प्रावधान पालना गर्ने गरी खण्ड (४), (५) र (६) मा उल्लेख  गरे भन्दा माथिल्लो दरको शुल्क प्रस्ताव गरेमा नगर शिक्षा समितिले माथिल्लो दरको शुल्क लागू गर्न स्वीकृति दिन सक्नेछ ।

(क) गरिबीको रेखामुनि रहेका परिवारका विद्यार्थीलाई लक्षित गरी २५ प्रतिशत विद्यार्थीलाई बिशेष छुट (हेभी सब्सिडी) र मध्यम वर्गका विद्यार्थीलाई लक्षित गरी आंशिक छुट दिने,

(ख) विद्यालयका विद्यार्थीलाई पूर्ण शुल्कमा अध्यापन गराई उठेको शुल्क रकमको कम्तीमा १८ प्रतिशत रकम  छुट्टै कोषमा राखी आफ्नै विद्यालयमा अध्ययनरत र नगरपालिका क्षेत्र भित्रका विभिन्न विद्यालयमा अध्ययन गर्ने न्यून आय भएका विद्यार्थीलाई छात्रवृत्ति दिने तथा त्यस्तो विद्यालयको गुणस्तर सुधारमा सहयोग प्रदान गर्ने ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**